म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २३ बुधबार ५ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 21 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यालयस्तरीय ब्याडमिन्टन प्रतियोगिताको तयारी


हेटौंडा, ४ भदौ/हेटौंडा उपमहानगरपालिका-११, थानाभञ्याङस्थित कभर्ड हलमा विद्यालयस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । भदौ २७ गतेदेखि २९ गतेसम्म संचालन हुने ब्याडमिन्टन प्रतियोगिता मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा हुन लागेको हो । ब्याडमिन्टन खेलाडी तथा उद्यमी स्वर्गीय बीके बोसको स्मृतिमा पहिलोपटक प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

प्रतियोगितामा सहभागी हुनका लागि भदौ २५ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने आयोजकले जनाएको छ । जिल्ला ब्याडमिन्टन संघको कार्यसमितिको बैठकको निर्णयअनुसार प्रतियोगिता आयोजना गर्न लागेको भन्दै संघका सदस्य नरेन्द्र मोक्तानले प्रतियोगिताको पुरस्कार राशिबारे पछि निर्णय गरिने जानकारी दिए । प्रतियोगिताका लागि १ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको उनको भनाई छ ।

### त्रिखण्डीमै साधना गरेका योगी पाइलट बाबाको निधन

# बाघझोरामा साधनास्थल र त्रिखण्डीमा आश्रम निर्माणाधीन

भानुभक्त आचार्य



हेटौंडा, ४ भदौ/ मकवानपुरको भैंसेस्थित त्रिखण्डीमा आश्रम निर्माण गर्ने योजनामा रहेका योगी पाइलट बाबाको मंगलबार दिँउसो मुम्बईस्थित कोकिलाबेन अस्पतालमा निधन भएको छ । पाइलट बाबाको निजी चिकित्सक डा. अनिल मिश्रले उनको निधनको पुष्टी गरेका छन् ।

डा. मिश्रले सामाजिक संजालमार्फत् दिएको जानकारी अनुसार पाइलट बाबालाई कोकिलाबेन अस्पतालमा एक महिना आठ दिनसम्म आईसीयूमा राखेर उपचार गरिएको थियो । ८६ वर्षीय पाइलट बाबा केही समयदेखि मधुमेहको समस्याबाट पीडित थिए । पछिल्लो समय छातीमा खराबी देखिएपछि अस्पताल भर्ना गरिएको बताइएको छ । पाइलट बाबाको अन्त्येष्टि बुधबार भारतको प्रसिद्ध तीर्थस्थल हरिद्वारमा हुने बताइएको छ । पाइलट बाबाको आधिकारिक फेसबुक पेजमा उनको निधन भएको जानकारी दिइएको छ । बाबाका अनुयायीलाई शान्त रहन सामाजिक संजालमार्फत अपिल गरिएको छ ।

वास्तविक नाम कपिल सिंह भएपनि मकवानपुरको त्रिखण्डी मन्दिरमा बसेर साधाना गरेपछि पाइलट बाबाको नामले परिचत बनेका हुन् । भारतको विहार राज्यको सासाराममा सन् १९३८ मा जन्मिएका कपिल (पाइलट बाबा) ले सन् १९५७ समा भारतीय लडाकू विमान सैनिक सेवामा प्रवेश गरेका थिए । १५ वर्ष भारतीय सेनाको पाइलट पेशामा रहेका कपिल सेवानिबृत्त जीवन शान्तपूर्वक बिताउनका लागि नेपाल आएको त्रिखण्डी मन्दिरका अध्यक्ष रहेका हेटौंडाका ब्यवसायी अरुणराज सुमार्गीले जानकारी दिए ।

त्रिखडी मन्दिर बाहिर सडकछेउमा आराम गर्न बसेका कपिललाई अकास्मात कुनै शक्तिले आफ्नो शरीर खिचेको अनुभूति भयो र मदिरभित्र प्रबेश गरे । मन्दिरमा साधना गरिरहेका बाबाले कपिललाई अगाडि देख्नासाथ उनको बाल्यकालमा गाउँघरमा बोलाउने नामबाट बोलाइपछि कपिल ज्यादै अचम्मित भएका थिए । कपिलको बिगत, बर्तमान र भबिष्य सबै बताएपछि उनी हरिबाबासँग मोहित भए र साधनामा लागेका थिए । जलसमाधिमा पोख्त पाइलट बाबाले बागझोराको माथि लेकमा स्थापना गरेको आश्रममा अहिले रसियन, नेपालीहरुले साधना गरिरहेको सुमार्गीले जानकारी दिएका छन् ।

दीक्षा प्राप्त गरिसकेपछि पाइलट बाबाको रुपमा उनी भारत र नेपालमा आउजाउ गर्न थाले । यसैक्रममा करिब १० वर्ष अघि बाघझोराको माथि लेकमा संस्कृत विद्यालय स्थापना गर्न बिधिपूर्वक पूजाआजासहित भवन सिलान्यास पनि गरेका थिए । नेपालका बरिष्ठ राष्ट्रसेवकहरु पाइलट बाबाको भक्त थिए । मकवानपुरका पूर्वप्रजिअ मोदनाथ डोटेल, मउवासंघका पूर्वअध्यक्ष सुमार्गी पनि त्यो शिलान्यास कार्यक्रममा सहभागी थिए । गृहसचिवमा रहेर सेवानिबृत्त डोटेल पाइलट बाबाले नेपालमा स्थापना गरेको ट्रस्टसँग आबद्ध छन् । नेपालको ट्रस्टको सम्पूर्ण जिम्मेवारी पाइलट बाबाले उनका निजी चिकित्सक डा. मिश्रलाई दिएका थिए ।

हेटौंडाबाट ९ क्लिोमिटर उत्तरमा रहेको त्रिखण्डेश्वर महादेवको मन्दिरको गुरुयोजना अनुसार पाईलट बाबाका गुरु हरि बाबा र रामपुरी गिरी बाबाको समाधिसहित ३० कोठाको अत्याधुनिक अतिथिगृह निर्माण कार्यमा पाइलट बाबा अग्रसर रहेका थिए । सेवानिबृत्त जीवनपछि शान्तिको खोजीमा भौंतारिदै उनले त्रिभुवन राजपथको भैंसेस्थित त्रिखण्डी महादेव मन्दिरमा गुरु हरिबाबा भेट्टाएका थिए । हरिबाबा त्रिखण्डीमा बस्थे । त्रिखण्डी उनको गुरुस्थली थियो । पाइलट बाबाले नेपाल र भारतका उच्चहिमाली क्षेत्रमा कठिन साधना गरेका थिए । साधना सम्पन्न भएपछि उनले रसिया, जर्मनी, बेलायत भ्रमण गरेर योग, ध्यान, धर्म, अध्यात्मको प्रचार गरे ।

भूमिगत समाधि, जल समाधि, 'एयर टाइट ग्लास' समाधिका साथै अनेकौं स्थानमा दस महाविद्या यज्ञ आयोजित गरेर उनले सनातन हिन्दू धर्मको यश र कीर्ति स्थापित गर्नुकासाथै मानिसलाई सतमार्गमा ल्याउने काम गरेको सुमार्गी बताउँछन् । भक्तपुरको सूर्यविनायकमा रहेको जंगलमा पाइलट बाबाले आश्रम बनाएर बसेका थिए । नेपालमा विख्यात सन्त एवम् गुरुका रुपमा स्थापित पाइलट बाबा उज्जैन पीठाधीश्वर समेत थिए । नेपालको कूल जनसंख्या जत्ति नै भारतमा साधुसन्त रहेका छन् । यी साधुसन्त विभिन्न १३ वटा अखाडासँग आबद्ध छन् ।

संख्या, प्रसिद्धि एवम् विस्तारका दृष्टिकोणले जूना अखाडा सबैभन्दा ठूलो र प्रभावशाली मानिन्छ । यसै अखाडाका वरिष्ठतम महामण्डलेश्वर श्री १००८ सोमनाथ गिरी जनमानसमा महायोगी पाइलट बाबाका नामले विख्यात रहेको सुमार्गी बताउँछन् । पाइलट बाबाले आफ्नो गुरुस्थल त्रिखण्डीमा आश्रम बनाउन सुरु गरेका थिए । त्रिखण्डीमा निर्माणाधीन आश्रममा हालसम्म करिब ५० लाख रुपैयाँ खर्च भएको त्रिखण्डीका अध्यक्ष सुमार्गीले जानकारी दिएका छन् । बाँकी पृष्ठ-३...

## उद्योग परिषद् मकवानपुरको अध्यक्षमा भण्डारी

साझाकुरा संवाददाता



हेटौंडा, ४ भदौ/नेपाल निर्माण उद्योग परिषद् मकवानपुरको अध्यक्षमा नरेन्द्र भण्डारी चयन भएका छन् । निर्माण व्यवसायीसमेत रहेका भण्डारी हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समिति अध्यक्ष पनि हुन् ।

नेकपा एमाले निकट व्यवसायी संगठन उद्योग परिषद्को मंगलबार हेटौंडामा भएको पहिलो अधिवेशनले भण्डारीलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । भण्डारीको अध्यक्षता ९ सदस्यीय जिल्ला समिति चयन भएको छ । समिति उपाध्यक्षमा सजित कार्की, सचिवमा चेतबहादुर थापा र कोषाध्यक्षमा देवकृष्ण विक चयन भएका छन् ।

यस्तै सदस्यहरुमा ध्रुवसिंह पाखिन, सुरज कार्की, सुनित आचार्य, रमेश आचार्य र विष्णु सिलवाल चयन भए । कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ । अधिवेशनमा नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना, प्रदेश सदस्यहरु रघु खुलाल, एकालाल श्रेष्ठ र जिल्ला अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामा र सचिव सीता विष्ट लगायतको आतिथ्यता रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पुस्तकबाट १० करोड संकलन

राज्यले चिन्न नसकेको बैज्ञानिक डा. महावीर पुनले आफ्नै पुस्तक बिक्रीबाट करिव १० करोड रुपैयाँ संकलन गरेका छन् । सोमबार नारायणी यातायात व्यवसायी संघमा पुगेका डा. पुनले पछिल्लो एक वर्षको अवधिमा करिव सवा लाख प्रति पुस्तक बिक्री भएको जानकारी दिएका छन् । पुस्तकको मूल्य ७५० रुपैयाँ राखिएको छ । सर्वसाधारणले उत्साहकासाथ पुस्तक खरिद गरी डा. पुनलाई सहयोग गरिरहेका छन् । राज्यले एक करोड रुपैयाँ पनि नपत्याएपछि आफ्नै जीवनीलाई पुस्तकमा उतारेर बिक्री गर्दै हिडेका पुन पछिल्लो साता हेटौंडा आसपासमा बिभिन्न टोलमा घुमिरहेका छन् । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. पुनले गतवर्ष मात्रै आफ्नो जीवनकथामा आधारित पुस्तक सार्वजनिक गरेको थिए । एकवर्षदेखि त्यही पुस्तक बिक्री गरी आविष्कार केन्द्रका लागि रकम जोहो गर्न देशदौडाहमा छन् । हेटौंडा आसपासका बस्तीमा डा. पुनले आफ्नो पुस्तक बिक्री गरिरहेका छन् । डा. पुनको पुस्तक किनेर सामाजिक सञ्जालमा पुस्तकको कभर सार्वजनिक गर्दै हजारौं नागरिकले डा. पुनलाई समर्थन र राज्यलाई दबाव दिइरहेका छन् । पुस्तकको प्रकाशक राष्ट्रिय आविष्कार केन्द्र हो ।

यो पुस्तक बेचेर आएको सबै पैसा वीरगञ्जको कृषिऔजार कारखाना सुधारगर्ने र सञ्चालन गर्ने काममा लगाउने उनले बताएका छन् । बीरगंज कृषिऔजार कारखाना संचालन गर्नुपूर्व तयारी गर्ने क्रममा करिव एक करोड रुपैयाँ खर्च भएको रकम सरकारसँग माग गर्दा सरकारले नदिएको उनले बताएका छन् । २०६५ ताका डा. पुनले हेटौंडा अस्पतालमा टेलिमेडिसिन सुरुवात गरेका थिए । ६० को दसकमा हेटौंडामा ईन्टरनेट प्रयोगमा आएको थियो त्यसको केही समयभित्रै डा. पुनले हेटौंडा अस्पतालमा टेलिमेडिसिन सुरुवात गरेको हेटौंडा अस्पताल विकास समितिका तत्कालीन अध्यक्ष सरोजकुमार खनालले बताएका छन् । सरकारी अस्पतालमा पहिलोपटक हेटौंडा अस्पतालमा टेलिमेडिसिन सेवाको सुरुवात डा. पुनले नै गरेका हुन । पछिल्लो समय वीरगंजको कृषिऔजार कारखाना सञ्चालनका लागि सहयोग बटुल्ने उद्देश्यले आफ्नै जीवनगाथाको पुस्तक निकालेर कारखाना सञ्चालनमा ल्याउने अठोट सहित अहिले पुस्तक बिक्री गर्दै देशव्यापी अभियानमा लागेका पुनको अभियानमा सरकारले साथ नदिएको भन्दै युवाले सामाजिक संजालमार्फत् तीव्र आक्रोश पोखेका छन् । पुस्तक बिक्रीका क्रममा देशवासीबाट पाएको माया स्नेह र सम्मान निकै अतुलनीय रहेको डा. पुनले अभियानलाई भरपुर साथ र सहयोग दिइरहेको बताए । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनसहितको टोली विभिन्न जिल्लामा पुगेर त्यहाँका सामाजिक संघसंस्था, विद्यालय, सरकारी तथा गैरसरकारी कार्यालय, विभिन्न पालिका, सडक किनारा तथा चोकमा बसेर माइकिङ गर्दै पुस्तक बिक्री गर्दै आएको छ । हरेक जिल्लामा स्थानीय समाजसेवी युवाले यो अभियानलाई समन्वय गर्दै भरपुर साथ र सहयोग गरिरहेका छन् । डा. पुन वि.सं. २०११ साल माघ ९ गते म्याग्दीको नागी गाउँमा जन्मेका थिए ।

स्थानीय विद्यालयबाट कक्षा ७ सम्म पढेका पुन म्याग्दीबाट चितवन गएर माध्यमिक तहको अध्यापन पुरा गरेका थिए । आर्थिक अवस्था कमजोर भएका कारण उनले स्नातक गर्न पाएनन् । त्यसपछि पुनले झन्डै १३ वर्षसम्म विभिन्न विद्यालयमा पढाए । त्यसैक्रममा उनले अमेरिका र यूरोपका विभिन्न विश्वविद्यालयमा आवेदन दिए । वहाँले ३३ वर्षको उमेरमा अमेरिकाको एक विश्वविद्यालयमा पढ्न आंशिक छात्रवृत्ति पाए र थप पढाइको लागि अमेरिका पुगे । पढाइमा निकै मिहिनेत गरे, पढाई सकेर नेपाल फर्केका पुनलाई गाउँमा आम्दानी स्रोत खोल्ने सोचेर उहाँले चौरीगाई र गाईको फारम खोले । पुनले आफू सानो हुँदा पढेको विद्यालयमा सुधार गरेर हाइ-स्कुलसम्म पढाइ हुने बनाए, गाउँलेहरुसँग मिलेर कागज उत्पादन सुरु गरे । गाउँमा मौरीपालन, आरुबखडाको जाम बनाउने, च्याउखेती, गाउँमै लुगा बुन्ने काममा स्थानीयलाई सहयोग गरे । डा. पुनले गाउँमा कम्प्युटर निर्माण गर्ने, त्यसमा इन्टरनेट जोडेर चलाउने, त्यहाँबाट वायरलेस टेक्नोलोजीमार्फत गाउँ-घरमा रहेका विभिन्न स्कुलमा इन्टरनेट पुऱ्याए । डाक्टर जान नमान्ने गाउँ-घरको समस्यामा डा. पुनले गाउँकै पाका महिलालाई स्वास्थसम्बन्धी तालिम उपलब्ध गराएर सामान्य रुघाखोकी, ज्वरो, झाडापखाला आदि रोगमा सामान्य उपचार गराउन सुरु गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ६ गते बिहीबार २२ अगष्ट २०२४ । तृतीया, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मित्रताले हर्ष बढ्नेछ | तुला | : सहयोगीले असहयोग गर्नेछन् |
| वृष | : कामको तारिफ हुनेछ | वृश्चिक | : पढाइमा प्रगति हुनेछ |
| मिथुन | : अरुको मन लोभ्याउन सकिनेछ | धनु | : समस्या दोहोरिन सक्नेछ |
| कर्कट | : दाम कमाउने बेला छ | मकर | : घरेलु काममै अलमल हुनेछ |
| सिंह | : प्रयत्न निरर्थक हुनेछ | कुम्भ | : भूमिबाट लाभ लिने समय छ |
| कन्या | : व्यावसायिक काम बन्नेछ | मीन | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |

# अबको मान्यता : उद्यमी र श्रमिकलाई सम्मान



✍ रामचन्द्र उप्रेती

हाम्रा सामाजिक मूल्यहरू के-के हुन् ? यसबारेमा भूगोल, धर्म, संस्कार, मौसम, जाति, क्षेत्र, समुदाय, पेशा, व्यवसाय, परम्परा आदिका आधारमा भिन्नता हुनु स्वाभाविक नै हुन्छ । हामीले स्वीकार गरेका सामाजिक मूल्यले हाम्रो जीवनलाई गहिरो गरी प्रभावित गरिरहेको अनुभूति भएको छ मलाई । सामाजिक मूल्यलाई प्रभाव पार्ने, निर्माण गर्ने कुरामा प्रमुख भूमिका चाहिं शिक्षाको हुन्छ जस्तो लाग्छ । शिक्षाको स्रोतहरू परिवार, परिवेश, संगत, परम्परा, संस्कार, राज्यका नियम-कानुन, विद्यालय, सूचना, भोगाइ, सिकाइ, गराइ आदि हुन् ।

म सानो हुँदा र मैले खान नमान्दा आमाले के के भनेर खुवाउनुभयो त्यो त सम्झना छैन तर मेरी श्रीमतीले हाम्रा छोराछोरीलाई खाना खुवाउन के के गरिन् त्यो सम्झना छ । 'खाना छिटोछिटो खाइहाल् नभए बौलाहा आएर खाइदिन्छ', 'खाना खाएन भने त पुलिसले समातेर लैजान्छ', सुत्ने बेलामा 'चुपचाप लागेर सुत नभए भूतले तर्साउँछ', 'भूतले लैजान्छ' आदि । माथिका कुराले बालमस्तिष्कमा भूत, पुलिस, बौलाहाका बारेमा कस्तो धारणा बन्यो अनुमान गर्न सक्छौं । यो धारणा कहिले परिवर्तन होला त ? त्यसैले होला पुलिसलाई साथी मान्न सकिएन । बौलाहाप्रति सहानुभूति भएन । भूतको वैज्ञानिक परिभाषा बुझ्न कोसिस नै भएन ।

पढ्ने बेलामा हामी नानीहरूलाई फकाउँदै, थर्काउँदै पढाउँछौं, पढ भन्छौं । यहाँसम्म ठिकै छ तर हामी नानीहरूलाई पढेनौ भने ऊ त्यस्तो काम गर्नुपर्छ भनेर शारीरिक श्रम गर्ने मानिसको उदाहरण दिन्छौं । हाम्रो भावना नराम्रो थिएन र छैन तर त्यसको असर हाम्रो दिमागमा के परेको रहेछ र नानीहरूको दिमागमा त्यसले के असर गर्छ भनेर कहिल्यै र कसैले विचार गरेनौं । यो कुराले बालमस्तिष्कमा श्रम र श्रम गर्ने मानिस प्रति घृणाको बीजारोपण गऱ्यो ।

जागिरे जीवन हाम्रो समाजको आदर्श बन्यो । त्यसैले 'पढेर ठूलो मान्छे बन्नुपर्छ, जागिर खानुपर्छ, हाकिम हुनुपर्छ' भनियो । जागिर खानेलाई टिपटप भएर हिंडेको देख्यौं । महिना-महिनामा पैसा आएको देख्यौं । जागिरे छोराछोरी भएको परिवारको समेत सामाजिक मूल्य उच्च रहेको देख्यौं, भोग्यौं । त्यसैले समाजको आदर्श जागिर बन्यो ।

अर्थात् हाम्रो समाज जागिरे उत्पादन गर्नमा रुचि राख्ने भयो । हाम्रो शिक्षा जागिरे उत्पादन गर्ने मोडलको बन्यो । पढ्न नसक्नेहरू खेती किसानी गर्ने, श्रम गर्ने जमात बन्यो । पढाइमा अब्बल हुन नसकेका, मिहिनेत नगर्ने र श्रम पनि नगर्ने गफाडीहरू गाउँठाउँका अगुवा बने । कालान्तरमा तिनैमध्येका नेता बने । जागिरका लागि महत्वपूर्ण मानक वा योग्यता भनेको प्रमाणपत्र र उच्चस्कोर बन्न पुग्यो । यही कारण अभिभावक, विद्यार्थी, विद्यालय सबैले सिक्न र सिकाउनभन्दा जसरी हुन्छ उच्च अंक सहितको प्रमाणपत्र हात पार्ने गर्न थालियो । यस्ता थुप्रै प्रमाणपत्रधारीहरूसँग न सीप छ न ज्ञान । श्रम गर्ने जाँगर पनि छैन । यस्तै मध्येका धेरै बेरोजगार छन् । मैले नै देखेको छु कतिपय बोर्डिङ स्कुलका प्रोप्राइटर वा प्रिन्सिपल आफ्ना विद्यार्थीलाई उच्च अंक दिलाउन र धेरैलाई उच्च ग्रेडमा पास गराउन परीक्षा हलसम्म पुगेर लबिङ गर्ने, चिट चोराउने काम गर्ने गरेका छन् । हाम्रो विद्यालयले यति पास गऱ्यो, गरायो भनेर रमाउने, अभिभावक मेरो छोराछोरीले यति नम्बर यो ग्रेड ल्याएर पास गरे भनेर खुसी हुने, विद्यार्थी पाएको नम्बर र ग्रेडमा मख्ख पर्ने हुँदै गयो ।

तर सिकाइको अवस्था कसैलाई वास्ता भएन । यही सामाजिक मान्यता बन्दै गयो । विद्यालय सिक्ने र सिकाउने थलो नभएर प्रमाणपत्र बेच्ने पसल बन्दै गए । शिक्षक, शिक्षिका पढाउने सिकाउने पात्र कम र हाजिरी जागिरे बढ्ता बने । विद्यार्थीले नसिकेको, नजानेकोमा विद्यालय वा शिक्षकलाई हीनताबोध वा ग्लानि हुन्थ्यो भने त कि सिक्ने गरी पढाउने थिए कि पढाउनै छाडेर अरू नै केही गर्ने थिए । अभिभावकलाई छोराछोरी पास भएको चाहिन्छ । यति भए इज्जत जोगिन्छ । सिके-नसिकेको हेर्ने न फुर्सद छ न ज्ञान । यसैले सिक्नु होइन पास हुनुले सामाजिक मान्यता पायो ।

आफूले खासै पढ्ने अवसर नपाएको, दु:ख (श्रम) गर्नु परेको, सुविधाबाट वञ्चित बन्नु परेको अभिभावकको एउटा पुस्ताले दु:ख, श्रमको भारी, अभाव, अप्ठ्यारो सबै आफ्ना काँधमा बोकेर छोराछोरीलाई पढ्न केवल पढ्न मात्रै लगायौं । किनकि पढेपछि जागिर खान्छन् र ठूलो मान्छे हुन्छन् भन्ने मान्यता बोक्यौं । यो परिवेश र यही सामाजिक मान्यतामा हुर्किएको पुस्ता श्रम बजारमा प्रवेश गर्न रुचाएन । जागिर सबैलाई जुरेन । जसलाई जागिर जुऱ्यो उसले राम्रो नतिजा दिन सकेन । अवस्था कस्तो भयो भने दश पढ्यो गाउँ छाड्यो, १२ पढ्यो देश छाड्यो । बाबुआमा काम गर्ने मान्छे खोज्छन्, छोराछोरी काम खोज्छन् । न अभिभावकले काम गर्ने मान्छे भेट्टाउँछन् न छोराछोरी काम भेट्टाउँछन् । बाबुआमाले खोजेको श्रम गर्ने मान्छे, सीप भएको मान्छे, छोराछोरीले खोजेको सुकिलोमुकिलो जागिर !

अर्को सामाजिक मान्यता कस्तो बन्यो भने जसले श्रम गऱ्यो त्यो समाजमा हेपियो । पैसा पाए पनि सम्मान पाएन । मेरा एकजना परममित्रसँग केही दिन पहिले लामो गफ भयो । उहाँ दुई विषयमा मास्टर्स गरेको व्यक्ति, लेखक, मोटिभेटर, ट्रेनर, काठमाडौंमा ठिकैको स्कुलका सञ्चालक, समाजको अवस्थालाई एकदमै नजिकबाट नियालिरहेका र कसरी यो समाजलाई गलत बाटोमा जानबाट रोक्ने होला, कसरी युवालाई देशमा नै रोक्ने र उद्यमी बनाउन सकिएला भनेर चिन्तन गर्ने मान्छे । यसै विषयमा हामी दुई बीचमा लामो गफगाफ भएको थियो । उहाँले एक प्रसङ्गमा भन्नुभयो- 'म गाउँको घरमा आएपछि मेरी आमालाई एउटा चिन्ता हुन्छ, आमा मलाई सम्झाउँदै भन्नुहुन्छ- छोरा समाजले के भन्छ ?'

मेरा मित्र घर आएको बेला खेतबारीमा काम गर्न जानुहुन्छ, आमाबाबुले गरेको गाईबस्तुको घाँस-खोलेको काममा सघाउनुहुन्छ । गाईभैंसी दुहुन सघाउनुहुन्छ, गोबर सोहोर्नुहुन्छ । घाँसको भारी बोक्नु हुन्छ । यति मात्रै होइन उहाँको सोचाइमा अब बजारको नजिकैमा भएको बुबाको खेतीमा आधुनिक कृषि फार्म सञ्चालन गर्ने योजना छ ।

उहाँले त्यो मोडल सुनाउनुभयो । एकदमै राम्रो लाग्यो । त्यो मोडल नेपालका लागि एकदमै उपयुक्त हुने ठानें । थोरै जमिन (दश कट्ठादेखि एक बिघासम्ममै गर्न सकिने) मल्टिलिएर र इन्टिग्रेटेड फार्मिङ । यसमा बेड मोडल र क्यारी मोडलमा खेती गर्ने, बजारको माग, मौसम र माटोको अवस्थालाई ध्यानमा राखेर उत्पादन गर्ने सोचमा रहेको छु भन्नुभयो । उहाँ कृषिको विद्यार्थी नभए पनि त्यसबारेमा मित्रले गरेको व्याख्या र सुझबुझले म प्रभावित भएँ । मलाई एकदमै राम्रो लाग्यो । यसका उत्पादनलाई बजारको समस्या नहुने मेरो बुझाइ छ । तर, मित्रले भन्नुभयो- 'म अब खेती नै गर्छु भनेपछि आमाको चिन्ता झन् थपिएको छ । अब आमाको चित्त बुझाएरै काम गर्नेछु ।'

आमाले किन चिन्ता गर्नुहुन्छ ? यो हाम्रो सामाजिक समस्या हो । यो हाम्रो सामाजिक मान्यता बनेको छ । बिचरा आमाले त समाजको प्रतिनिधित्व मात्रै गरेको हो । आमाको चिन्ता भनेको यत्रो पढेको मान्छे, एक दिन ठूल्ठूला मान्छे भेला पारेर ठूला होटलमा गएर पढाउँदा दिनकै बीस/तीस हजार लिने मान्छे, घरमा आएर खेतीबारी र बस्तुभाउको काम गरेको नै मन परेको थिएन । किनकि समाजले के भन्छ भन्ने पीर थियो । आमा चाहनुहुन्छ छोराले कृषिको काम नगरोस् त्यसो भयो भने मान्छेले कुरा काट्ने थिएनन् ।

धेरै पहिला म किराना पसल गर्थें । गाडीबाट आएका कतिपय समान आफैं बोकेर पसलमा लैजान्थें, अनलोड गर्थें । मानिस मलाई कुल्लीलाई पैसा दिनका लोभले आफैं काम गरेको भन्थे । म सहकारी (एनएमसी) को अध्यक्ष हुँदा वरिष्ठ उपाध्यक्षको रूपमा जिम्मेवारीमा काम गर्नुहुने नारायणप्रसाद कोइराला बिहान-बेलुका घर वरिपरिको सरसफाइ, बगैंचाको सामान्य गोडमेल र पालेको गाईको थलामा काम गर्दा छिमेकीले आएर देख्दा घरमा काम गर्ने मान्छे छैनन् र आफैं गरेको भनेर सोध्ने गर्छन् भन्नुहुन्थ्यो । आजभोलि धेरै मानिसको बसाइ शहरकेन्द्रित हुँदै गयो । शहरबजारमा बनेका घरका बिजुली, धारा, शौचालय, नाला आदिमा कहिलेकाहीं समस्या आउँछ तर हामी ती काम गर्न जान्दैनौं, सिकेकै छैन । सिकेर गरिहालेछौं भने अरूले देख्दा त्यो काम घरधनीले गर्ने होइन भन्ने सामाजिक मान्यता छ ।

शहरमा बस्नेका लागि घरघरमा काम गर्ने सहयोगी नभई नहुने अवस्था सिर्जना हुँदैछ । घरमा पोछा लगाउन, सरसफाइ गर्न, खाना बनाउन, लुगा धुन परिवारकै सदस्यले गरेछौं भने त्यो घरको मान्छेको हैसियत कमजोर रहेछ, हैसियत हुनेले त काम गर्ने मान्छे राख्छन् भन्ने चलन आएको छ । काम नगरेपछि जीउ भद्दा हुने, रोग थुप्रिने हुन्छ त्यसपछि जिम जाने, वाकिङमा जाने, हाइकिङ गर्ने, डाक्टरकहाँ धाउने, दबाईको भर पर्ने गरिन्छ तर घरमुनिको पसलबाट बीस लिटरको पानीको जार माथिल्लो तलामा लैजानु पऱ्यो भने युवा पुस्तालाई लाज लाग्छ । गर्नैं पर्ने भए अरूले देख्लान् कि भनेर धकाउँछन् ।

मैले यो लेखमा यति भूमिका किन बाँधेको भने हाम्रो सामाजिक मूल्य नै श्रमप्रति सम्मान गर्ने खालको बनेन । श्रमको सम्मान नहुँदा श्रमिकको सम्मान भएन । हाम्रो शिक्षाले जागिरे उत्पादन गर्ने सोच बनायो । अभिभावकले आफ्ना सन्तानलाई जागिरे बनाउने सोच पाले । उद्यमशीलताको आधारै तयार गरिएन । उद्यमलाई जोखिमको काम ठानियो । यो केही हदसम्म हो पनि जागिर भनेको लगाए-अह्राएको काम गरे हुन्छ नाफाघाटा बुझ्नुपर्दैन, महिना पुगेपछि तलब पाइन्छ, यो सजिलो बाटो हो तर उद्यमशीलतामा जागिरभन्दा धेरै जोखिम हुन्छ । आजको युवा र ती युवाका अभिभावक विदेश जानका लागि सजिलै लगानी गर्न तयार हुन्छन् तर उद्यम व्यवसाय गर्न लगानी गर्न अभिभावक नै तयार हुँदैनन् ।

कृषि गर्न अपमान बोध भयो । कृषि पनि उद्यम बन्न सक्छ भन्ने सोच नै पलाएन । आफ्नै परिवेशमा श्रम गर्न लाज लाग्ने भयो । त्यसो भए के गर्ने त ? विदेश जाने । विदेशमा गएर के गर्ने ? गर्ने त श्रम नै हो । तर विदेशमा गरेको श्रम यहाँ चिनेका मानिसले देख्दैनन् । त्यसैले त्यो सम्मानको विषय भयो । विद्यार्थी भिसामा जानेले पनि गर्ने श्रम नै हो । अर्थात् श्रम गर्न विदेश जाने हो । केही समय पढ्दै श्रम गर्ने र त्यसपछि लगातार श्रम गर्ने । हो, देशमा सबैलाई पुग्ने रोजगारीका अवसर छैनन् । किनकि हामी धेरै जना काम खोज्ने गर्छौं । हाम्रो सोच्ने तरिकामा काम सिर्जना गर्ने भन्ने विरलै आउँछ । यदि हामीले काम सिर्जना गर्ने तरिकाले सोच्ने हो भने त्यो भनेको उद्यमशीलता नै हो । अबको शिक्षा र सामाजिक मान्यता नै उद्यमी र श्रमिकलाई सम्मान गर्ने खालको हुनुपर्छ । तब मात्रै देशमै केही गरौं भन्ने वातावरण बन्न सक्छ । उद्यमी र श्रमिकप्रति समाजको दृष्टिकोणमा नै परिवर्तनको आवश्यकता छ ।

उद्यमीका बारेमा पनि समाजको दृष्टिकोण सकारात्मक छैन । कुनै उद्यम गर्न सम्बन्धित निकायमा इजाजतका लागि जाँदा त्यहाँ गरिने सरकारी व्यवहार, बिजुली चाहिन्छ, बिजुली माग गर्दा र जोड्दा गरिने व्यवहार, उद्योगका छिमेकीको व्यवहार, सरकारका कर्मचारीको व्यवहार, समाजको व्यवहार कसैको व्यवहार सकारात्मक छैन भन्दा हुन्छ ।

'उनीहरू कमाउँछन्, कमाउन आएका हामीलाई के हुन्छ' भन्ने मान्यता छ । एउटा उद्योग र उद्यमीकै कारण त्यहाँ रोजगारीको अवसर सिर्जना हुन्छ, बिजुली र इन्धनको खपतले राज्यको आम्दानी बढाउँछ, उत्पादित वस्तुले आवश्यकता पूरा गर्छ । यसबाट सरकारलाई राजस्व प्राप्त हुन्छ, बैंकले ब्याज पाउँछ । बैंकमा पैसा बचत गर्नेले पनि ब्याज पाउँछन् । अर्थतन्त्र चलायमान हुन्छ । कच्चा पदार्थको उत्पादक वा सप्लायर्सले फाइदा गर्न सक्छ । क्षमताको विकास हुन्छ, सीप बढ्दै जान्छ । साना-साना काम र उद्यममा सफलता पाउँदै जाँदा नै ठूला उद्यमी र ठूला उद्योगको सम्भावना बढ्दै जान्छ ।

यी कामले नै समाजलाई अगाडि बढाउने हो । तर समाज त धनी र उद्यमी मानिसलाई सकारात्मक रूपमा नै हेर्दैन । श्रमिकलाई हेप्ने र उद्यमीलाई खेद्ने हाम्रो समाजको सामाजिक मूल्यमा परिवर्तन आजको आवश्यकता हो । राज्यको नीति र भूमिका यसका लागि महत्वपूर्ण हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# बढ्दो व्यापार घाटा र न्यूनीकरणको उपाय

✍ डा. सुमनकुमार रेग्मी

नेपालको निकासी व्यापार स्थिर रहेको तथा पर्यटक आगमनसमेत बढ्न नसक्दा अर्थतन्त्रको एकमात्र आधार रेमिट्यान्समा सामान्य उतारचढावले पनि देशको सम्पूर्ण अर्थतन्त्र संकटमा पर्न सक्ने अवस्था छ । नेपालले आफ्नै देशमा उत्पादन गर्न सकिने वस्तु र सेवाहरुसमेत उल्लेखनीय रुपमा आयात गर्दा पनि वैदेशिक व्यापारमा नेपाल सधैं पछाडि धकेलिँदै आएको छ । नेपालको कुल निर्यातको अवस्था सुधारोन्मुख हुनुपर्नेमा त्यसो हुन सकेको छैन ।

विदेशबाट खर्बौं रुपियाँका वस्तु आयात हुँदा नेपालले एक आर्थिक वर्षमा एक खर्बका वस्तुहरु निकासी गर्न सकेको छैन । विगत चार वर्षमध्ये २०७०-७१ मा सबभन्दा बढी रु. ९१ अर्ब रुपियाँको निर्यात भएको देखिन्छ । नेपालले ६८ देशमा निर्यात तथा ७४ देशबाट सामान आयात गरेको देखिन्छ । वैदेशिक व्यापार घाटालाई कम गर्नका लागि उत्पादन वृद्धिको विकल्प नभए पनि नेपालले स्वदेशमै प्रचूर मात्रामा उत्पादनको सम्भाव्यता भएका वस्तुहरुको उत्पादन वृद्धिमा सुधार ल्याउन सकेको छैन । नेपालको कुल निर्यातको अवस्था सुधारोन्मुख हुनुपर्नेमा त्यसो हुन सकेको छैन । राजनीतिक दलहरुका योजना र भनाइबाट मात्रै समृद्धि नहुने स्पष्ट देखिन्छ । नेपालको निर्यात पछिल्ला वर्षमा कमजोर देखिएको छ ।

नेपालको कुल निर्यातमा अर्ब रुपियाँमाथि निर्यात हुने वस्तुहरु १७ वटाजति मात्र रहेका छन् । ती वस्तुहरुमा अलैंची, चिया, औषधिजन्य जडीबुटी, जुस, जुट ब्याग, उलन ब्याग, पश्मिना सल, टुथपेस्ट, जुत्ता, फलाम तथा स्टिलजन्य वस्तुहरु, चाँदीका गहना, टेक्सटाइल, कटन धागो, फेल्टलगायतका वस्तुहरु रहेका छन् । निर्यात प्रवर्द्धनका लागि सरकारले चर्का नारा दिए पनि उत्पादन कमी, विश्वबजारमा फितलो प्रचारप्रसार, ब्रान्डिङ कारणले नेपाली उत्पादन विदेशिन नसकेको बताइन्छ । नेपालबाट निर्यात हुने सामानमा गुणस्तरको सम्बन्धमा बेलाबखतमा प्रश्न उठ्ने गरेको छ । विश्वबजारमा प्रतिस्पर्धा गर्न गुणस्तर महत्वपूर्ण कुरा हो । नेपाली उत्पादनले पहिलेदेखि नै परिमाणभन्दा गुणस्तर सुधारमा ध्यान दिँदै आउनुपर्दथ्यो । नेपाल-भारत खुला सिमानाले नेपालको निर्यात व्यापारमा असर गरेको छ । सरकारी नीति प्रतिबद्धता राम्रो भए पनि कार्यान्वयन फितलो हुँदै आएको छ । भूपरिवेष्टित भएका कारणले उद्योगी-व्यापारीहरुले हैरानी बेहार्दै आएका छन् ।

निकासी विकासका अनेकौं आधार तथा सम्भावना हुन्छन् । राष्ट्रिय व्यापार रणनीति २०७३ ले राखेका १२ वटा तुलनात्मक लाभको वस्तुमा जडीबुटी पनि समावेश छ । तीमध्ये जडीबुटी एवम् अनुसन्धान, उत्पादन एवम् व्यवसायीकरण र संरक्षण एवम् सदुपयोग गर्न सके आर्थिक-सामाजिक विकासमा नै सहयोग पुग्छ । वन नीति २०७१ ले वनस्पति एवम् जडीबुटीका नवीनतम प्रवृत्ति र क्षेत्रहरुलाई समेटेको छ । वन, वनस्पति र जैविक विविधता संरक्षण अभियान अगाडि बढाउन २०७१-२०८० लाई वन दशक घोषणा गरी एक घर एक रुख, एक वन र एक नगर अनेक उद्यान कार्यक्रहरु आर्यान्वियनमा आउँदै गरेका छन् । वाणिज्य नीति २०७२ ले १२ वटा वस्तुमध्ये सम्भावनायुक्त वस्तुहरुका सूचीमा जडीबुटी तथा सारयुक्त तेललाई पनि समावेश गरेको छ । यस नीतिमा निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुहरुको संकलन एवम् प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न, प्रशोधन केन्द्रहरु स्थापना गर्न सहयोग पुऱ्याउने, गुणस्तर प्रमाणीकरण सम्बन्धी मौजुदा प्रयोगशालाहरुको सुदृढीकरण तथा एक्रिडिटेसन गर्दै जाने, आवश्यकताअनुसार बहुउद्देश्य प्रयोगशालाको स्थापना गरिने, कृषि तथा वन पैदावारलगायतका व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने र विविधताको अवसरलाई उपयोग गरी निर्यातजन्य वस्तुहरुका उत्पादन तथा प्रशोधन बाह्य मागबमोजिमको बनाउन संवेष्ठन, लेबलिङ, भण्डारण, प्रमाणीकरणमा सहयोग पुऱ्याउने, निर्यात प्रवर्द्धनको लागि असल कृषि अभ्यास र प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न समन्वय गर्ने कुरामा जोड दिइएको देखिन्छ ।

नेपालको संविधान २०७२ को दफा ५१ (च) मा वैज्ञानिक अध्ययन-अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उत्थान र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने, धारा ५१ मै जनसाधारणमा वातावरण स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो विकास तथा उपयोग गर्नेजस्ता प्रावधानले नेपालको निकासी बढाउनेछ ।

हालका वर्षमा नेपालबाट युरोपका विभिन्न देशमा २० भन्दा बढी प्रकारका औषधिजन्य सुगन्धित तेल र जडीबुटीजन्य उत्पादन निर्यात हुने गरेको छ । जडीबुटीजन्य उत्पादनका बाह्य माग उच्च रहे पनि प्रयोगशाला परीक्षण एवम् प्रमाणीकरणको सुनिश्चितता हुन नसकेमा निर्यात वृद्धि हुने सम्भावना हुँदैन । तसर्थ नेपालको आयात व्यापारलाई कम गराउन आन्तरिक उत्पादन बढाउनै पर्दछ । जुन वस्तु नेपालमा बृहत्रुपमा उत्पादन गर्न सम्भव छ त्यस्ता वस्तु अत्यधिक बढाउँदै लग्नुपर्दछ । नेपालका कच्चा पदार्थमा आधारित औद्यागिक उत्पादनहरु बढाउँदै जानुपर्दछ । नेपालको विश्वका १८६ देशसँग वैदेशिक व्यापार हुँदै आएकोमा अधिकांश देशसँग नेपालको व्यापार घाटा रहिआएको छ । नेपालमा दैनिक उपभोग्य सामग्रीदेखि विलासिता र परिवार नियोजनका साधनसमेत अत्यधिकरुपमा आयात हुँदा व्यापार घाटा निरन्तर बढ्दै गएको छ । तसर्थ अर्थतन्त्र उकास्न र निकासी बढाउन उत्पादनशील र निर्यातउन्मुख लगानी बढाउन अत्यन्त आवश्यक रहिआएको देखिन्छ ।

देशलाई आवश्यक परेका वस्तुहरुको आयात कल्पनै गर्न नसकिने गरी ह्वात्त बढेको छ । अन्धाधुन्ध आयात गरिएका ती वस्तु नेपालमा अन्तर्राष्ट्रिय मापदण्ड मान्यता प्राप्त निकायको अभावमा मानवहित विपरीतका पनि हुन सक्छन् । अर्कोतर्फ जुन उद्देश्यले नेपालमा विदेशबाट सामान आयात गरिन्छ त्यही उद्देश्यका लागि अर्थात् उद्योगका कच्चा पदार्थका रुपमा उपयोग नभई त्यस्ता वस्तु दुरुपयोग हुनुले पनि आयात बढ्दै गएको हो । आयात गरिएका वस्तुका उद्देश्य अनुसार प्रयोग नभएको खण्डमा त्यस्ता व्यक्तिलाई कारबाही पनि भएको देखिँदैन अनि त सहजरुपमा नेपालमा आयात दिन दुगुना रात चौगुना बढेर गएको छ ।

नेपालबाट चीनतर्फ निर्यात हुँदै आएको प्रशोधित छाला, रुद्राक्ष, घरेलु उद्योगका सामान लगायतका वस्तुहरु भुइँचालोअगाडिका अवस्थामा जति पठाउन सकिएको थियो त्यति हालका वर्षहरुमा पठाउन सकिएको छैन । तर चीनबाट नेपालमा आयात हुने सामानहरु जस्तै- तयारी पोशाक, जुताचप्पल, यातायातका पार्टपुर्जा, रासायनिक मललगायतको आयात भारतको कोलकाता बन्दरगाह भएर आयात भएकाले आयात बढ्दै गएको छ । यसले गर्दा चीनसँग व्यापार घाटा बढेको बढ्यौ छ । भारतबाट विशेष गरी पेट्रोलियम पदार्थको आयात उच्च छ । यसको अतिरिक्त यातायातका साधन र यसका पार्टपुर्जा, सिमेन्ट, फलामे छड र औषधिको आयात पनि बढेको कारण भारतसँगको व्यापार घाटा पनि बढेको हो । तेस्रो देशहरुमा निकासी हुने दाल, चिया र हस्तकलाका सामानहरुको निर्यात भने घट्न गएको छ । यी देशहरुबाट सुनचाँदी, पार्टपुर्जा, दूरसञ्चारका उपकरण तथा तामाको तारलगायतका वस्तुहरु नेपालमा आयात बढ्दो छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ५३९ स्थानीय तहमा राष्ट्रिय ग्रिडबाट पूर्ण विद्युतीकरण, १८ मा पुग्न बाँकी

काठमाडौं/मुलुकका ५ सय ३९ स्थानीय तह पूर्ण विद्युतीकरण भएका छन् । ७ सय ५३ स्थानीय तहमध्ये १ सय ९६ मा आंशिक विद्युतीकरण भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

हालसम्म १८ स्थानीय तहमा राष्ट्रिय प्रसारण विद्युत् पुग्न नसकेको प्राधिकरणले जनाएको छ । राष्ट्रिय प्रसारण ग्रिड नपुगे पनि १८ स्थानीय तहका बासिन्दाले लघुजलविद्युत् र सौर्य ऊर्जाबाट बिजुली उपभोग गरिरहेका छन् । प्राधिकरणले विस्तृत अध्ययन गरी तयार पारेको 'विद्युतीकरण तथ्यांक २०८१' अनुसार कुल जनसंख्याको ९९ प्रतिशतमा विद्युत् पुगेको जनाएको छ ।



मुलुकभरिका स्थानीय तहको अध्ययनबाट उक्त तथ्यांक तयार पारिएको प्राधिकरणले जनाएको छ । यस्तै विद्युत् ग्राहक संख्या सामुदायिक सहित ५९ लाख ३५ हजार पुगेको छ । विद्युत् पहुँच पुगेको जनसंख्यामध्ये ९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र २ प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत, सौर्य ऊर्जा लगायतबाट विद्युत् उपभोग गरिरहेका छन् ।

प्राधिकरणका अनुसार ७ सय ५३ स्थानीय तहमध्ये ५ सय ९० मा ९५ देखि शतप्रतिशतसम्म विद्युतीकरण भएको छ । ७२ स्थानीय तहमा ७५-९५ प्रतिशतसम्म विद्युतीकरण भएको छ । ३३ प्रतिशत स्थानीय तहमा ५०-७५ प्रतिशतसम्म, २६ स्थानीय तहमा २५-५० प्रतिशतसम्म र ३२ स्थानीय तहमा २५ प्रतिशतसम्म विद्युतीकरण गरिएको छ ।

७ प्रदेशमध्ये मधेशमा शतप्रतिशत विद्युतीकरण भएको छ । कोसीमा ९९.३० प्रतिशत, बागमती ९९.९७ प्रतिशत, गण्डकी ९९.४० प्रतिशत र लुम्बिनीमा ९८.४९ प्रतिशत विद्युतीकरण गरिएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात् ७४.३८ प्रतिशतमात्र विद्युतीकरण भएको छ । सुदूरपश्चिम प्रदेशमा ८६.५८ प्रतिशत विद्युतीकरण गरिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्ष २०८१/८२ भित्र सबै नेपालीको घरमा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुऱ्याउने नेपाल सरकारको घोषणा कार्यान्वयन गर्न सम्पूर्ण तयारी पूरा भई काम भइरहेको बताए । 'आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशतमात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु यो अवधिमा हासिल भएको महत्त्वपूर्ण उपलब्धि हो,' उनले भने, 'प्राधिकरण आफैं विद्युत् नपुगेका घर खोज्दै विकट बस्ती-बस्ती पुगिरहेको छ । विद्युत् पुगेका ठाउँमा भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणाली सुधार तथा विस्तार र नपुगेका ठाउँलाई विद्युत् पुऱ्याउने कार्यलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेका छौं ।'

भौगोलिक रूपमा कठिन र विकट कर्णाली तथा सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबै घरधुरीमा एक वर्षभित्र विद्युत् पुऱ्याउने गरी काम भइरहेको प्राधिकरणले जनाएको छ । यसका लागि बजेट व्यवस्थापन गरी निर्माण व्यवसायी छनोट भई काम सुरु गरि सकेको प्राधिकरणले जनाएको छ । प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) र युरोपेली लगानी बैंक (इआईबी) बाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोट गरी काम सुरु गरिसकेको छ ।

त्यस्तै सरकारको लगानी र प्राधिकरण आफूले कमाएको नाफाबाट केही अंश छुट्याएर अन्य क्षेत्रमा विद्युत् पहुँच विस्तार गर्न रकम जुटाइएको कार्यकारी निर्देशक घिसिङले बताए । ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रिड पुग्न सकेको छैन । हुम्लामा लघुजलविद्युत्, सौर्य ऊर्जा लगायतबाट विद्युत् आपूर्ति भइरहेको छ ।

७७ जिल्लामध्ये ५६ मा ९५ देखि शत्प्रतिशत विद्युतीकरण भएको छ । १० जिल्लामा ७५-९५ प्रतिशतसम्म, ५ जिल्लामा ५०-७५ प्रतिशतसम्म र ६ जिल्लामा २५-५० प्रतिशतसम्म विद्युतीकरण गरिएको छ । प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल आंशिक विद्युतीकरण भएका र विद्युतीकरण हुन बाँकी स्थानीय तहमा विद्युत् पुऱ्याउन हाल भइरहेका कामको प्रगति राम्रो रहेको बताउँछन् ।

कोसी प्रदेशका १४ जिल्लामध्ये सोलुखुम्बु र संखुवासभा बाहेक अन्यमा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । सोलुखुम्बुमा ८९.०४ र संखुवासभामा ९३.९९ प्रतिशत विद्युतीकरण भएको छ । त्यस्तै झापा, मोरङ, सुनसरी र धनकुटामा शतप्रतिशत विद्युतीकरण गरिएको छ । मधेश प्रदेशका ८ जिल्ला पूर्ण विद्युतीकरण भएका छन् ।

बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ । त्यसैगरी गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङमा ८७.८१ प्रतिशत विद्युतीकरण भएको छ । तनहुँ, स्याङ्जा, पर्वत र कास्कीमा शतप्रतिशत विद्युतीकरण भएको छ भने बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये रुकुम पूर्वमा सबैभन्दा कम अर्थात् ३२.२४ प्रतिशत र रोल्पामा ८५ प्रतिशतमात्र विद्युतीकरण भएको छ । नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र बर्दियामा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

कर्णाली प्रदेशको रुकुम पश्चिममा सबैभन्दा बढी अर्थात् ९५.०८ प्रतिशत र मुगुमा सबैभन्दा कम अर्थात् ३१.८० प्रतिशत विद्युतीकरण भएको छ । सुर्खेतमा ८६.४८, दैलेख ८१.०५, सल्यान ७९.५०, जाजरकोट ४९.८०, कालीकोट ७०.९६, जुम्ला ६२.४७, डोल्पा ४२.७५ र हुम्लामा ३२.५१ प्रतिशत विद्युतीकरण गरिएको छ ।

सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये कञ्चनपुर र कैलालीमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाजुरामा सबैभन्दा कम ३३.५१ प्रतिशतमात्र विद्युतीकरण भएको छ । डडेल्धुरामा ९४.०८, डोटी ८८.०४, अछाम ६५.९७, बैतडी ६१.७३, बझाङ ६९.०३ र दार्चुलामा ८४.०१ प्रतिशत विद्युतीकरण भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'सतीदेवी' अहिलेसम्मकै सबैभन्दा राम्रो फिल्म : निर्देशक सुवेदी

काठमाडौं/कला पत्रकारिता हुँदै फिल्म निर्देशनमा होमिएका लक्ष्मण सुवेदीले पहिलो फिल्मदेखि नै फरक-फरक कथा भन्दै आइरहेका छन् । पहिलो फिल्म 'एउटा साथी' प्रेमकथामा र दोस्रो फिल्म 'लालजोडी' कमेडी कथामा बनाएका उनले यही भदौ ७ गतेदेखि प्रदर्शनमा आउन लागेको तेस्रो फिल्म 'सतीदेवी'मा सामाजिक कथा उठाएका छन् । फिल्मले छोरीप्रति गरिने लैङ्गिक विभेदको कथा बोल्छ ।




लक्ष्मणलाई फिल्मले उठाएको कथा विश्वकै हो भन्ने लाग्छ । र, फिल्मले महिला सशक्तिकरणमा ठूलो भूमिका खेल्ने उनको विश्वास छ । 'छोरीहरुमाथि गरिने विभेद नेपालको मात्र होइन, विश्वकै समस्या हो,' निर्देशक सुवेदी भन्छन्, 'धेरै छोरी हुँदा छोरा भए हुन्थ्यो भन्ने मानसिकता र बुबा-आमामा पनि देखिने एकखालको हीनताबोधलाई मैले एकदमै नजिकबाट नियालेर 'सतीदेवी' बनाएको हुँ ।'

फिल्मलाई ग्रामीण परिवेशमा बनाएको भए पनि जुनसुकै देशमा संवाद 'म्यूट' गरेर देखाउँदा पनि बुझिने लक्ष्मणको दाबी छ । उनी 'सतीदेवी'लाई अहिलेसम्मकै राम्रो फिल्म मान्छन् । 'म स्क्रिप्ट लेख्दा नै धेरैपटक रोएको थिएँ । म दाबी गरेर भन्न सक्छु, अहिलेसम्म रिलिज भएका नेपाली फिल्ममध्ये 'सतीदेवी' सबैभन्दा राम्रो बनेको छ । यो मैले फिल्म चलाउनका लागि भनेको होइन,' उनले भने ।

लक्ष्मण आफूलाई 'कन्टेन्ट'मा फिल्म बनाउने निर्देशक मान्छन् । र, उनी 'कन्टेन्ट'ले मागेको कलाकार मात्र फिल्ममा लिन चाहन्छन् । कलाकारले मागेको 'कन्टेन्ट'मा उनलाई फिल्मै बनाउनु छैन । न त उनी 'स्टार'कै पछि दौडिएका छन् । 'सतीदेवी'मा पनि 'स्टार' छैनन् । बरु उनी फिल्मका कलाकारलाई 'चन्द्रमा'को संज्ञा दिन्छन् । 'स्टार' भन्दा 'चन्द्रमा'कै महत्त्व बढी हुन्छ भन्ने उनलाई लाग्छ ।

'सतीदेवी'को रिलिज नजिकिँदै गर्दा निर्देशक सुवेदीलाई डर भने छैन । फिल्म राम्रो बनेकाले सफल हुनेमा उनी विश्वस्त देखिन्छन् । यो फिल्मलाई आफ्नो 'ज्यान-प्राण' मानेका उनले सिक्वेल पनि बन्न सक्ने संकेत गरेका छन् । 'दर्शकको राम्रो साथ मिल्यो भने दोस्रो श्रृंखला पनि सम्भव छ,' उनले भनेका छन् । 'सतीदेवी' प्रदर्शनपछि लक्ष्मण 'पार्वती' शीर्षकमा फिल्म बनाउने तयारीमा रहेका छन् ।

# दयाहाङ र जितुको 'कार्साङ' २२ दिनमा 'प्याकअप'

काठमाडौं/अभिनेताद्वय दयाहाङ राई र जितु नेपालले 'वडा नम्बर ६'पछि दोस्रोपटक सहकार्य गरेको फिल्म 'कार्साङ'को छायांकन सकाएका छन् ।



छायांकन सुरु गरिएको २२औं दिन (सोमबार)मा फिल्म 'प्याकअप' भएको हो । सिन्धुपाल्चोक जिल्लामा अवस्थित बाह्रबिसे नगरपालिका तथा भोटेकोसी गाउँपालिका आसपासमा फिल्म खिचिएको हो । छायांकनमा दुईवटा क्यामेरा प्रयोग गरिएको थियो ।

यम शेर्पाको लेखन एवं निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ र जितुसहित सिर्जना निङ्लेखु, दीया मास्के, बुद्धि तामाङ, प्रेम लोप्चन, डोमा ह्योल्मो, सृष्टि गौतम, छोकी शेर्पा, सुरवीर पण्डित, कर्मा शेर्पा, बाल कलाकारहरु राशी लिम्बू र सोहन थापाको पनि अभिनय छ । गत हप्ता दयाहाङ र सिर्जनाको 'क्यारेक्टर लुक्स' सार्वजनिक गरिएको थियो । 'कार्साङ' सिर्जनाको डेब्यु फिल्म हो ।

पुरुषोत्तम प्रधान निर्माता रहेको फिल्मलाई उनैले छायांकन गरेका हुन् । फिल्ममा गोविन्द बोहरा सह-निर्मातामा छन् भने कार्यकारी निर्मातामा आङछिरिङ शेर्पा रहेका छन् । आरआर फिल्मसले वितरण गर्न लागेको 'कार्साङ'को प्रदर्शन मिति केही दिनमा घोषणा गर्ने तयारीमा निर्माण टिम छ । शेर्पा समुदायको कथामाथि आधारित भएर बनेको फिल्ममा दयाहाङ शेर्पा पात्रको भूमिकामा छन् ।

# टिकटकको प्रतिबन्ध हटाउने सरकारको तयारी

काठमाडौं/सरकारले सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध खोल्ने तयारी गरेको छ । चिनियाँ पक्षले पटक-पटक टिकटक प्रतिबन्धबारे प्रश्न गरिरहे पछि सरकार प्रतिबन्ध खोल्ने गृहकार्यमा लागेको हो । पुष्पकमल दहाल प्रचण्ड नेतृत्वको सरकारले २३ कात्तिक २०८० मा सामाजिक सञ्जाल नियमिन निर्देशिका ल्याएर सामाजिक सञ्जालहरुले नेपालमा दर्ता भएर सम्पर्क विन्दु राख्नुपर्ने सहितका व्यवस्था गरेको थियो । लगत्तै २७ कात्तिकमा सामाजिक द्वेष फैलाएको र सामाजिक मर्यादा बिथोलेको भन्दै मन्त्रिपरिषद् बैठकले टिकटक बन्द गर्ने निर्णय गरेको थियो ।

यो निर्णय लिनुअगाडि प्रधानमन्त्री प्रचण्डले कांग्रेस, एमाले सहितका दलहरुसँग परामर्श गरेका थिए । त्यसैले प्रतिबन्धमा प्रमुख दलहरुले मौन समर्थन जनाए । टिकटकले भने लिखित पत्र लेखेर नेपालका सबै कानुन र शर्त मान्ने लिखित प्रतिबद्धता जनाएको छ । र, प्रतिबन्ध हटाउन माग गर्दै आएको छ ।

तर सरकारले प्रतिबन्ध नहटाएपछि नेपालका लागि चिनियाँ राजदूत छन सोङले हरेकजसो राजनीतिक भेटवार्तामा टिकटकको प्रतिबन्धबारे चासो राख्दै आएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार प्रधानमन्त्री केपी शर्मा ओली टिकटक प्रतिबन्ध खोल्नेबारे आवश्यक गृहकार्य गर्न अधिकारीहरुलाई निर्देशन दिएका छन् । अहिले सामाजिक सञ्जालमा कुनै कुनै किसिमको प्रतिबन्ध लगाउन नहुने भन्दै उनले सञ्चार मन्त्रालय र आफ्नो टिमलाई टिकटकको प्रतिबद्धताबारे छलफल गरेर आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा ल्याउन भनेको स्रोतको दाबी छ ।

'टिकटकको प्रतिबन्धसँग भूराजनीति पनि जोडिएकाले निर्णय गर्न केही असहज हुन्छ कि भन्ने विश्लेषण छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीले भने, 'तर अब यो प्रतिबन्ध लामो समय राख्न नहुने पक्षमा प्रधानमन्त्री नै हुनुहुन्छ, छिट्टै मन्त्रिपरिषद्बाट प्रतिबन्ध फुकुवाको निर्णय हुनसक्छ ।'

भारतले २०२० मै टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाएको थियो भने अमेरिकामा सीमित प्रतिबन्ध छ । आधाभन्दा बढी राज्य, संघीय सरकार र सुरक्षा फोर्सले आफ्नो कर्मचारी डिभाइसमा यो एप सञ्चालनमा प्रतिबन्ध लगाएको छ । हाल ३० भन्दा बढी देशमा टिकटक माथि आंशिक वा पूर्ण प्रतिबन्ध छ ।

तर सरकारले बनाएको मापदण्डहरु मान्न तयार भइसकेको टिकटकलाई प्रतिबन्ध लगाइराख्नु नपर्ने मत प्रधानमन्त्रीको छ । टिकटकको प्रतिबन्ध हटाउन उनले सत्ता साझेदार नेपाली कांग्रेसको नेतृत्व तहमा पनि सहमति खोजेका थिए । कांग्रेस सकारात्मक देखिएकाले टिकटकको प्रतिबन्ध हट्नसक्ने स्रोतको दाबी छ ।

टिकटकले पनि सरकार लाई प्रतिबन्ध खुलाउन आग्रह गर्दै पटक-पटक पत्राचार आएको छ । एक साता अघि मात्रै दक्षिण एसियाको सार्वजनिक नीति र सरकार सम्बन्ध इकाईले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलाई पत्र लेखेर आफू नेपालको सबै कानुनको परिपालन गर्न प्रतिबद्ध रहेको दोहोऱ्याएको थियो ।

टिकटक्ले नेपालको हरेक कानुनी प्रावधान आफूहरुका लागि स्वीकार्य रहेको ब्यहोराको पत्र पठाए पछि सञ्चारमन्त्रीले प्रधानमन्त्रीसँग छलफल गरेका थिए । त्यसअघि ४ जेठमा टिकटक दक्षिण एसियाका सार्वजनिक नीति र सरकार सम्बन्ध प्रमुख फिर्दोस मोताकिनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्र लेखेका थिए । गृह मन्त्रालय र सञ्चार मन्त्रालयलाई समेत बोधार्थ दिएर लेखिएको पत्रमा सरकारले उठाएका सरोकारका विषयमा आफूहरुले विभिन्न प्रयासहरु गरेको उल्लेख छ । पत्रमा टिकटक बन्द गर्दा सरकारलाई राजस्वमा समेत नकारात्मक असर परेको दाबी गरिएको थियो ।

करिब ९ महिनाको अवधिमा टिकटक्ले प्रतिबन्ध फुकुवाको माग गर्दै ८ वटा पत्र पठाइसकेको छ । सरकारले प्रतिबन्धको निर्णय लगत्तै ३० कात्तिकमा नेपाल दूर सञ्चार प्राधिकरण र २० मंसिरमा सञ्चार मन्त्रालयलाई पत्र लेख्दै आफ्नो प्लेटफर्ममा भएका कन्टेन्टबारे नेपालको चासो वा सरोकार प्रत्यक्ष राख्न र त्यसलाई सम्बोधन गर्न फोकल प्वाइन्ट (सम्पर्क बिन्दु) तोक्ने प्रतिबद्धता जनाएको थियो ।

नेपाली भाषा प्रयोग भएका कतिपय अश्लिल समाग्रीहरु प्रणालीले नचिन्दा फिल्टर नहुने समस्या छ । त्यसैलाई ध्यानमा राखेर टिकटकले सामग्री फिल्टरिङ र मध्यस्थता बढाउन नेपाली भाषाको सोर्स पनि अनबोर्ड गर्ने टिकटकको प्रतिबद्धता छ । टिकटक्ले राष्ट्रव्यापी इन्टरनेट सुरक्षा र डिजिटल साक्षरता अभियान सुरु गर्ने पनि प्रतिबद्धता जनाएको छ । शैक्षिक नतिजा सुधार्न विद्यालय र कलेज विद्यार्थीहरूका लागि शैक्षिक सामग्री डिजिटलाइज्ड गर्न सघाउने प्रतिबद्धता पनि टिकटकको छ । नेपालमा टिकटकको 'सोसियल गाइडलाइन्स' पालना भए/नभएको हेर्न मात्रै ६० जना जनशक्ति व्यवस्थापन गरिएको टिकटकको दाबी छ ।

टिकटक्ले कानुन उल्लंघन गर्ने कुनै पनि सामग्रीको विषयमा रिपोर्ट गर्नसक्ने 'ट्रस्ट एण्ड सेफ्टी इन्फोर्समेन्ट टुल (टीएसईटी) प्रणालीको पहुँच नेपाल सरकारका लागि खुला गरिसकेको बताएको छ । नेपालमा डिजिटल सर्भिस ट्याक्स पेयरको रूपमा दर्ता भएको र कम्युनिटी गाइडलाइन्स उल्लंघन गर्ने लाखौं भिडियो प्लेटफर्मबाट हटाएको टिकटकले बताएको छ ।

टिकटक प्रतिबन्धले वाक तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक अधिकार खोसिएको दाबी गर्दै सर्वोच्च अदालतमा एक दर्जन मुद्दा दायर भएका थिए । ५ मंसिर २०८० मा न्यायाधीश विनोद शर्माको इजलासले अन्तरिम आदेश जारी नगरी सरकारको नाममा कारण देखाऊ आदेश जारी गरेको थियो । यो मुद्दाको नयाँ पेशी १० असोज, २०८१ का लागि पेशी तोकिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# लाइसेन्सको साटो राष्ट्रिय परिचयपत्र देखाउन सकिने व्यवस्था गर्न समझदारी



काठमाडौं/सरकारका दुई विभागहरुबीच राष्ट्रिय परिचय पत्रलाई सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) को रूपमा प्रयोग गर्ने व्यवस्था गर्न समझदारी भएको छ । गृह मन्त्रालय अन्तरगतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगतको यातायात व्यवस्था विभागबीच यसबारेको समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

स्रोतका अनुसार आगामी दशैंभन्दा अघि नै लाइसेन्सको साटो राष्ट्रिय परिचयपत्र देखाएमा हुने गरी प्रणाली तयार गरिनेछ । यसका लागि ३० साउनमा दुवै पक्षबीच पारस्परिक सहकार्यमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बरको प्रयोग गरी सवारी चालक अनुमतिपत्रको विवरण हेर्न तथा रूजु गर्ने प्रणालीको विकास, परीक्षण तथा सञ्चालन गर्ने सहमति भएको छ ।

चालकले चालक अनुमति पत्रको सट्टा राष्ट्रिय परिचयपत्र देखाएमा वा पञ्जीकरण विभागले प्रणालीबाट उपलब्ध गराएको क्यूआर कोड देखाएमा चेकजाँच गर्ने अधिकारी (ट्राफिक)ले सवारी चालक अनुमति पत्रको विवरण हेर्न तथा रूजु गर्ने प्रणालीबाट चेकजाँच गरिदिनु पर्नेछ । चालकले राष्ट्रिय परिचय नम्बर भनेमा पनि चेकजाँच गर्नुपर्ने समझदारीमा उल्लेख छ ।

दुवै पक्षले समझदारी-पत्र कार्यान्वयनको क्रममा आ-आफ्नो प्रणाली तथा पूर्वाधारमा गर्नुपर्ने कामको खर्च आफै व्यहोर्ने सहमति गरेका छन् । राष्ट्रिय परिचय पत्र र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) आवश्यक संख्यामा छापेर दिन नसकेपछि सरकारले यसमा वैकल्पिक उपाय खोजी गरेको हो । अब राष्ट्रिय परिचयपत्र प्रिन्ट गर्दा पहिले बेलैमा लाइसेन्स नपाएका चालकहरुलाई दिने सरकारको तयारी छ ।

यातायात व्यवस्था विभागका अनुसार अहिले सबै प्रक्रिया पूरा गरेर छपाइ हुन बाँकी लाइसेन्सको संख्या २१ लाख नाघेको छ । प्रदेशहरुबाट दैनिक रुपमा ठूलो मात्रामा सर्वसाधारणले लाइसेन्स परीक्षा पास गर्नुका साथै पुरानो लाइसेन्स नवीकरण गरिरहेका छन् । चालकहरुले लाइसेन्स परीक्षा पास गरेपछि राजस्व तिर्दा पाएको रसिदलाई नै लाइसेन्सको सट्टामा प्रयोग गरिरहेका छन् ।

यातायात व्यवस्था विभागमा रहेको एउटा मास प्रिन्टरले बाँकी लाइसेन्स प्रिन्ट गर्न सम्भव छैन भने विभागसँग मागअनुसार लाइसेन्स छाप्न पुग्ने कार्ड पनि छैन । ठेक्का प्रक्रियामा भइरहेको अलमलले लाइसेन्स छाप्ने मेसिन र कार्डको आपूर्ति पनि हुन सकेको छैन ।

त्यसैले अब स्मार्ट लाइन्सेन्सको प्रक्रिया पूरा गरेकाहरुलाई प्राथमिकताका साथ राष्ट्रिय परिचयपत्र दिने र त्यसबाट लाइसेन्स छपाइको समस्या समाधान गर्ने तयारी पनि छ । पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलका अनुसार अब लाइसेन्स प्रिन्ट नभएकाहरुलाई प्राथमिकताका साथ राष्ट्रिय परिचयपत्र दिइनेछ ।

विद्युतीय चिप्ससहितको राष्ट्रिय परिचयपत्रलाई लाइसेन्स प्रणालीमा अन्तरआवद्ध गरिने भएकाले अब राष्ट्रिय परिचयपत्रले नै लाइसेन्सको काम गर्नेछ । यसका लागि लाइसेन्स जाँच गर्न ट्राफिक प्रहरीहरुलाई रिडर मेसिन (क्युआर स्क्यानर डिभाइस) दिने योजना रहेको उनले बताए ।

दुई वटा विभागबीच यी प्रणालीहरुलाई अन्तरआवद्ध गरेर एक अर्काको सूचना आदानप्रदान गर्न १६ बुँदे समझदारी भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'स्त्री २'को अगाडि अक्षय र जोनको फिल्म निरीह

काठमाडौं/पछिल्लो समय बलिउडमा ठूलो बजेटका र ठूला सुपरस्टारले खेलेका फिल्महरू बक्स अफिसमा लगातार नराम्ररी पिटिरहँदा सानो बजेटका फिल्महरूले व्यापारमा 'सरप्राइज' दिइरहेका छन् । यसको प्रष्ट सन्देश के हो भने अब फिल्म बजेट र 'स्टार'को अनुहारले चल्दैन । 'कन्टेन्ट' नै सर्वेसर्वा हो । यतिबेला भारतीय बक्स अफिसमा फिल्म 'स्त्री २'ले ल्याएको सुनामी पनि 'कन्टेन्ट'को उपज हो ।




यो फिल्मको अगाडि बलिउडका दुई ठूला सुपरस्टारका फिल्म समेत निरीह बनेका छन् । गत शुक्रबार अर्थात् १५ अगस्टदेखि 'स्त्री २'सहित अक्षय कुमारको 'खेल खेल में' र जोन अब्राहमको 'वेदा' एकसाथ प्रदर्शनमा आएका थिए । तर, 'स्त्री २'ले अक्षय र जोनको फिल्मलाई बक्स अफिसमा पानी पनि माग्न नपाउने अवस्थामा पुऱ्याएको छ । अर्थात् दुईटै फिल्मको 'फ्लप' निश्चित भइसकेको छ ।

'स्त्री २'ले भने 'पेड प्रिभ्यू' (९ करोड ४० लाख)सहित ५ दिनमै २ सय ४२ करोडमाथि व्यापार गरेको छ । यसको ओपनिङ विजनेश नै ५५ करोड ४० लाख थियो । दोस्रो दिन ३५ करोड ३० लाख, तेस्रो दिन ४५ करोड ७० लाख, चौंथो दिन ५८ करोड २० लाख र पाँचौं दिन ३८ करोड ४० लाख कमाई गरेको फिल्मले ५ सय करोडको आँकडा नघाउन सक्ने ट्रेड एनालिस्टहरूको आँकलन छ ।

'स्त्री २'ले बक्स अफिसमा धमाका मच्चाइरहँदा अक्षय र जोनको फिल्मले भने २० करोडको आँकडा पनि टेक्न सकेका छैनन् । दुवै फिल्मले ५ दिनमा १५/१५ करोड बाँडेका छन् । यसरी हेर्दा एक सय करोडमा बनेको 'खेल खेल में' र ५० करोडमा बनेको 'वेदा'ले लगानी उठाउने सम्भावना देखिँदैन । यसले बलिउडलाई अब 'स्टार'मा होइन, 'कन्टेन्ट'मा लगानी गर्नुपर्छ भन्ने पाठ सिकाएको छ ।

# बंगलादेशले श्रीलंकालाई हराएपछि नेपाल सेमिफाइनलमा

काठमाडौं/२० वर्षमुनिको साफ च्याम्पियनसिपमा मंगलबार बंगलादेशले श्रीलंकालाई २-० ले पराजित गरेपछि नेपाल एक खेलअघि नै सेमिफाइनल प्रवेश गरेको छ ।

यसअघि समूह ए को पहिलो खेलमा नेपालले श्रीलंकालाई १-० ले पराजित गरेको थियो । बंगलादेशले पनि श्रीलंकालाई हराएपछि दुवै टोलीले समूहको अन्तिम खेल अघि नै सेमिफाइनलमा स्थान पक्का गरेका हुन् । लगातार दुई हारपछि श्रीलंका भने समूह चरणबाटै बाहिरिएको छ ।

अब बिहीबार नेपाल र बंगलादेशबीचको खेलले समूह एको विजेताको टुङ्गो लाग्नेछ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा भएको खेलमा बंगलादेशले दुवै हाफमा एक-एक गोल गरेको थियो ।

खेलको १७औं मिनेमा मिराजुल इस्लामले राबी होसेन राहुलको पासमा गोल गर्दै बंगलादेशलाई अग्रता दिलाएका थिए । दोस्रो हाफमा पिएस अहमाद नोभाले बंगलादेशका लागि दोस्रो गोल गरे । साफयु-२० च्याम्पियनसिपमा शुक्रबार भुटान र माल्दिभ्सबीच खेल हुनेछ । भुटान पहिलो खेलमा भारतसँग १-० ले पराजित भएको थियो ।

# बकैयामा पाँच दलले लगाएको ताला खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा पाँच राजनीतिक दलले लगाएको ताला खुलेको छ । पाँच राजनीतिक दल र पालिकाबीच भएको १० बुँदे सहमतिपछि पालिकामा लगाएको ताला खुलेको हो ।

मंगलबार भएको छलफल पछि पालिकामा आइतबारदेखि लागेको ताला खोल्ने सहमति भएको छ । छलफलमा शिक्षा, स्वास्थ्यसम्बन्धी हरेक निर्णय गर्दा शिक्षा समिति, सामाजिक विकास समितिबाट निर्णय गरेको कुरालाई कार्यपालिकाबाट कार्यान्वयन गराउने, शिक्षाप्रमुखबाट कारवाहीस्वरुप लिइएको प्रअको राजिनामा फिर्ता हुने र शिक्षा प्रमुखसँग स्पष्टिकरण लिने, सवारी साधन र इन्धनको आवश्यकता अनुसार मात्र प्रयोग गर्न गराउने, बीमा र नि:शुल्क प्राप्त हुने औषधि सम्पूर्ण स्वास्थ्य संस्थाको हकमा यथाशीघ्र व्यवस्था मिलाउने, स्वास्थ्यमा देखिएको कर्मचारीको समस्या कार्यपालिकाबाट निर्णय गराई कार्यान्वयन गराउने सहमति भएको छ ।

त्यस्तै, वन तथा वातावरण समितिलाई क्रियाशील गराउने, कर्मचारी नियुक्ति गर्दा नियमअनुसार संस्थागत गर्ने, राजस्वलाई गापाभित्र पर्ने फास्ट ट्र्याक र गिटी बालुवाको कडाइका साथ अनुगमन गर्ने, गापाबाट भएको निर्णयप्रति आएको जनगुनासोलाई सम्बन्धित पक्षसँग छलफल गरी समाधान गर्दै जाने सहमति भएको छ ।

छलफलमा गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, राजनीतिक दलको तर्फबाट नेकपा एमालेका नारायण प्रसाद तिमल्सिना र गोपाल दाहाल, नेकपा माओवादी केन्द्रका जीवन गोले र बिमल नेपाल, रास्वपाबाट अमर दंगाल र छोटेलाल जिम्बा, एकीकृत समाजवादीबाट प्रकाश बस्नेत र नेकपा (बहुमत) प्रल्हाद गौतम लगायतको सहभागिता थियो ।

# हेटौंडामा गाईजात्रा पर्व मनाईयो

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ हेटौंडामा मंगलबार गाईजात्रा पर्व मनाइएको छ । नेवा: सांस्कृतिक पुच: हेटौंडाको आयोजनामा बजारक्षेत्रमा गाईजात्रा निकालिएको हो ।

हेटौंडाको कृष्ण मन्दिरबाट निकालिएको गाईजात्रा बजारको विभिन्न स्थान परिक्रमा गरी भुटनदेवी मन्दिर परिसरमा पुगेर समापन गरिएको नेवा: सांस्कृतिक पुच: मकवानपुरका अध्यक्ष सुनकुमार मानन्धरले जानकारी दिए । बिहानभर झरी परेकाले तोकिएको समयभन्दा ढिला गाईजात्रा निकालिएको थियो । यस वर्ष ४२ परिवार सामूहिक गाईजात्रामा सहभागी भएको मानन्धरले बताए ।

यस वर्ष विगतका वर्षको तुलनामा गाईजात्रा निकाल्ने परिवार कम भएको उनको भनाई छ । उनका अनुसार, हेटौंडामा २०६४ सालदेखि सामूहिक गाईजात्रा निकाल्दै आएको छ । वर्षभरिमा दिवंगत भएकाहरुको सम्झनामा गाई वा मानिसलाई गाईका रुपमा सिंगारी नगरपरिक्रममा गर्ने गरिन्छ । सामूहिक गाईजात्रामा हेटौंडाका ३६ र अन्य स्थानका ६ परिवारले सामूहिक रुपमा गाईजात्रा निकालेका थिए ।

हरेक वर्ष भाद्रकृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' मनाउने गरिन्छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि दिवंगत भएका व्यक्ति गाईको पुच्छर समाई वैतर्णी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ । गाईजात्रा पर्वका अवसरमा वागमती प्रदेश सरकारले पहिलोपटक सार्वजनिक बिदा दिएको थियो । गत शुक्रबार बसेको बगमती प्रदेशको मन्त्रिपरिषद्को बैठकले गाईजात्रा पर्वको अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

# योगी पाइलट बाबाको निधन....

पाइलट बाबाले त्रिखण्डी मन्दिरमा आएको समयमा केही संचारकर्मीलाई बोलाएर आफ्नो करिअरमा कसरी यु-टर्न आएको भन्ने विषयमा जानकारी दिने गरेका थिए ।

उनले भन्ने गरेका थिए 'की जब कुनै अप्रिय घटना हुन लागेको हुन्थ्यो तब एक वृद्ध बाबा आएर घटनाको बारेमा बताइदिनुहुन्थ्यो । घटनाबाट बच्ने उपायका बारेमा पनि भनिदिनुहुन्थ्यो । सन् १९६२ मा युद्धको समयमा अचम्मको घटना घट्यो, जसले मेरो जीवनमा पूरै परिवर्तन ल्याइदियो ।' आफू जलसमाधिमा साधना गर्ने काम पनि त्रिखण्डीमै भएको उनले बताएका थिए । 'एक पटक युद्धको बेला सैनिक विमान उडाइरहँदा मेरो मूल टावरसँग सम्पर्क टुट्यो । मेरो हातमा विमान कन्ट्रोल थिएन ।

त्यो समयमा पनि फेरि उही बाबा आएर मलाई विमानबाट सुरक्षित अवरतण गराउनुभयो । यो कसरी सम्भव भयो ? म आफैं अचम्मित भएँ र त्यसपछि लाग्यो विज्ञानभन्दा माथि पनि अरु कुनै शक्ति छ । त्यपछि मैले सैनिकसेवाबाट अवकाश लिएर नेपालको यात्रा तय गरैं । यात्रामा अनेकन दु:ख कष्ट भोगैं र मेरो सपनामा आउने बाबासँग त्रिखण्डीमा भेट भयो जसको नाम थियो हरि बाबा । मैले उहाँलाई नै आफ्नो गुरु मानें र गुरुसँग योगीको यात्रामा पाइला चालें ।' पाइलट बाबाले सुरु गरेको आश्रमलाई निरन्तरता दिने र उनको बिचार र अभियानलाई जीवन्त राख्ने कार्यमा सहयोग गरिने सुमार्गीले बताएका छन् ।

# थाहाको गोपाली गाउँमा गाईजात्रा मनाईयो

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मुलुकका विभिन्न सहरमा भाद्र ४ गते मंगलबार गाइजात्रा पर्व मनाइएको छ । मवकानपुरको हेटौंडा र थाहा नगरमा विगतमा जस्तै यसवर्ष पनि गाईजात्रा मनाइएको हो ।

गाईजात्रा विशेष गरी नेवार समुदायले मनाउने महत्वपूर्ण पर्व मानिन्छ । हेटौंडा र थाहा नगरमा नेवार समुदायको बाक्लो बसोबास रहेको छ । दामनको गोपाली गाउँ, पालुङ, बज्रवाराहराही, चित्लाङमा गाईजात्रा पर्व मनाइएको छ । थाहाको आग्रा र टिष्टुङमा भने नेवारी समुदायको बसोबास अत्याधिक कम छ । गाईजात्रामा वर्षभरि दिवंगत भएका आफन्तको नाममा गाईको अनुहार र गणेशको चित्रअंकित गाई बनाएर सहर परिक्रमा गर्ने चलन छ ।

गाईजात्रा काठमाडौं उपत्यकामा तत्कालीन राजा प्रताप मल्लकी रानी आफ्नो छोरा चक्रप्रतेन्द्र मल्लको मृत्यु शोकमा डुवेपछि, रानीलाई सान्त्वना दिन प्रताप मल्लले सहरमा वर्षभरि कतिजनाले आफन्त गुमाए, कतिजनालाई यस्तै शोक पर्‍यो भनेर देखाउन यो जात्रा मनाउन थालेको जनविश्वास छ । यसोगर्दा पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरुप हास्यव्यंग्यको प्रचलन चलेको जनश्रुति पाइन्छ ।

भक्तपुरमा गाईजात्राका दिन वर्षभित्र मृत्यु भएकामध्ये उमेर नपुगेका बालबालिकाको साँचा अर्थात डोकोलाई गाईको रुपमा सिंगारेर नगर परिक्रमा गर्ने गरिन्छ भने उमेर पुगेका व्यक्तिको ताहामच्चा अर्थात चारवटा बाँस प्रयोग गरी गाईको प्रतीक बनाइ नगर परिक्रमा गर्ने चलन छ ।

# मोवाइल चोरीमा संलग्न एक वर्षपछि पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/हेटौंडा घर भएका एक व्यक्तिलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले मोवाइल चोरीको आरोपमा एक वर्षपछि पक्राउ गरेको छ ।

उनै आरोपित व्यक्तिले 'पत्रकार हुँ' भनेर प्रहरीको अगाडि दिउँसै अँध्यारो पार्न खोजेको घटना बाहिरिएको छ । करिब एक वर्षअघि हेटौंडा उपमहानगरको कार्यालयबाट अधिकृत विना थिङको मोबाइल चोरी गर्ने एक व्यक्तिले आफूलाई पत्रकार हुँ भन्दै घटनाबाट उम्किने प्रयास गरेको पाइएको हो ।

'पत्रकार हुँ' भन्दैमा प्रहरीले कसैलाई छोड्ने त गर्दैन तर, चोरीमा संलग्नले एउटा सानो उम्किने आशा राखेर पत्रकारिताको पेशा नै बन्दाम गराइरहेकोप्रति वास्तविक समाचार लेखनमा सक्रिय पत्रकारले दोषिलाई कारबाहीको माग गरेका छन् ।

मोवाइल चोरी कार्यमा संलग्न रहेको आरोप लागेका हेटौंडा-११ का प्रदीप पौडेल रहेको प्रहरीले जनाएको छ । उनले आफूलाई हेटौंडाको पत्रकार हुँ भन्ने गरेका छन् । पौडेलले आफू मकवानपुर सन्देश मिडियाको सम्पादक रहेको भन्दै सुरुमा प्रहरीलाई धम्काउने प्रयास गरेका थिए । तर, यस्तो नाम गरेको व्यक्ति कोही पनि पत्रकार नरहेको नेपाल पत्रकार महासंघ मकवानपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले यस्तो नाम गरेको व्यक्ति पत्रकारितामा कहिँकतै नदेखिएकोले शंकाष्पद भएको बताएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले पत्रकारिता पेशाको मानमर्दन गरेको विषयमा आवश्यक अनुसन्धान गर्ने बताए । 'म केहीदिन छुट्टीमा थिएँ । अहिले कार्यालयमा हाजिर हुन आएको छु । यस विषयमा आवश्यक अनुसन्धान हुने नै छ,' भण्डारीले भने ।

पौडेललाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको उनले बताए । उपमहानगरपालिकाका अधिकृत थिङको मोवाइल चोरी भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको थियो । अनुसन्धानको क्रममा हेटौंडा-११ का पौडेलले चोरी गरेको पाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुरका पत्रकार सम्बद्ध विभिन्न संघसंस्थाका प्रमुख प्रतिनिधिले पत्रकार र पत्रकारिता पेशाको बेइज्जत गर्नेलाई हदैसम्मको कारबाही हुनुपर्ने माग गरेका छन् ।


ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५0% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७



सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७0% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...



Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।


सञ्चालक: भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३



२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

ओम फ्रेस मिट सप

तपाईंको सेवामा



चिकेन र मटन




यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना